स्थानीय सरकार

सम्पर्क नं.०२५-५४२३८७

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

(राजस्व शाखा)

दुहवी, सुनसरी

कोशी प्रदेश, सुनसरी

प.सं.-२०८३/०८४

च.नं.-

मितिः२०८३/०४/०६

**सटर भाडामा लगाउने सम्बन्धी सूचना।**

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०४/०६)**

यस दुहवी नगरपालिकाको स्वामित्वमा रहेका देहायका सटरहरू भाडामा लगाउनु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्थाले तपसिलका शर्तको अधीनमा रही मिति २०८३/०४/०६ देखि मिति २०८३/०४/२० गतेसम्म कार्यालय समयभित्र रु. ३००/- (अक्षरेपी तीन सय रुपैयाँ मात्र, फिर्ता नहुने गरी) फाराम खरिद गर्न सकिनेछ। खरिद गरिएको फाराम तोकिएको ढाँचामा भरी १६औँ दिन २०८३/०४/२१ गते दिउँसो १२ बजेसम्म शिलबन्दी गरी यस नगरपालिकामा दर्ता गराउनु पर्नेछ। सो दिन सार्वजनिक बिदा पर्न गएमा बिदा लगत्तै कार्यालय खुलेको दिन दर्ता गर्न सकिनेछ।सटर विवरणः-

| क्र.स. | स्थान | न्यूनतम रकम | सटर संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं.४ स्थित संगलबारे हटियामा रहेका ठुला सटरहरु प्रति सटर(३ बर्षे) | ३,३००।- | ३ | |
| २ | वडा नं.४ स्थित मंगलबारे हटियामा रहेका सानो सटर(३ बर्षे) | १,८००।- | १ | |
| ३ | दुहवी-७ फर्साही हाटिया स्थित सटर(३ बर्षे) | १,७२५।- | १ | |

शर्तहरू:

१. भाडामा लिन चाहने इच्छुक व्यक्ति, फर्म, संस्थाले रु. ३००/- (अक्षरेपी तीन सय रुपैयाँ मात्र) दस्तुर तिरी यस कार्यालयबाट आवेदन खरिद गर्न सक्नेछन्। आवेदन गर्दा आफूले कबोल गरेको कुल अंकको ५% रकम यस नगरपालिकाको धरौटी खाता नं. १०८२०५८४९९३७८००५, एन.आई.सी. एशिया बैंक, दुहबी शाखा मा जम्मा गरेको बैंक भौचर समेत संलग्न गर्नु पर्नेछ।

२. कानुनले बन्देज तथा निषेधित गरिएका सामानहरू बिक्री वितरण गर्न पाइने छैन।

३. पानी महसुल तथा विद्युत महसुल भाडामा लिने व्यक्ति, फर्म, संस्था स्वयंले व्यहोर्नुपर्नेछ। बहाल कर भुक्तानी सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

४. प्रति सटर तोकिएको न्यूनतम मासिक भाडा भन्दा सवैभन्दा बढी कबोल गर्ने र रितपूर्वक भएको बोलपत्रलाई स्वीकृत गरिनेछ। दर्ता भएका बोलपत्रहरूबाट १६औँ दिनको अपराह्न २ बजे कार्यालयका प्रतिनिधि र बोलपत्रदाताको रोहवरमा शिलबन्दी खोलिनेछ। बोलपत्रदाताको अनुपस्थितिमा पनि यस कार्यालयलाई शिलबन्दी खोल्न बाधा पर्ने छैन। शिलबन्दी खोल्ने मितिमा सार्वजनिक बिदा परेमा सो कार्य बिदापछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

सुवर्ण प्रधान
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार

सम्पर्क नं.०२५-५४२३८७

# दुहवी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(राजस्व शाखा)

दुहवी, सुनसरी

कोशी प्रदेश, सुनसरी

प.सं.-२०८३/०८४

च.नं.-

५. बोलपत्र स्वीकृत भएको बोलपत्रदाताले स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिनभित्र आफूले कबोल गरेको मासिक भाडाको दरले जम्मा ३ (तीन) महिनाको अग्रिम भाडा वापत हुने रकम धरौटी सहित सम्झौता गर्न आउनुपर्ने छ। धरौटी रकम यस नगरपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्नेछ। सो रकम सटर बहाल म्याद समाप्त भएपछि मात्र फिर्ता दिइनेछ।

६. तोकिएको म्यादभित्र धरौटी सहित सम्झौता नगरेमा त्यसपछि बढी कबोल गर्ने व्यक्ति, फर्म, कम्पनी, संस्थासँग सम्झौता प्रक्रिया अगाडि बढाइनेछ।

७. स्वीकृत भएको मासिक भाडा रकम प्रत्येक महिनाको २५ गतेभित्र नगरपालिकामा बुझाउनुपर्नेछ। तीन महिनासम्म भाडा नबुझाएमा धरौटी वापत राखिएको रकमबाट भाडा असुल उपर गरी सटर खाली गराइनेछ।

८. म्याद भन्दा ढिलो गरी प्राप्त हुन आएको, रीत नपुगेको, कुनै शर्त राखी पेश भएको, सूचनाको शर्त विपरीत भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

९. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ।

१०. सटरको हकमा सटरमा कुनै प्रकारको हानी नोक्सानी गर्न पाइने छैन। हानी नोक्सानी भएमा त्यसको क्षतिपूर्ति स्वयं बहालवालाले व्यहोर्ने तथा मर्मत सम्भार गर्नुपर्नेछ।

११. सटर कोठाको बहाल रकम सम्झौता भएको मिति देखि १/१ वर्षमा भाडा रकममा ५ प्रतिशतले स्वतः वृद्धि हुनेछ।

१२. स्वीकृत भएको बोलपत्रदाताको सम्झौता अवधि सम्झौता भएको मितिदेखि ३ वर्षसम्मका लागि हुनेछ र सम्झौताको समयावधि अघि नै उक्त सटर नगरपालिकालाई आवश्यक भई खाली गराउनुपरेमा ३ महिना अघि नै पूर्वजानकारी गराइनेछ र स्वीकृत बोलपत्रदाताले सम्झौता अवधि अघि सटर खाली गर्न चाहेमामा नगरपालिकालाई ३ महिना अघि नै पूर्वजानकारी गराउनुपर्नेछ।

१३. सटर जसको नाममा सकार हुन्छ उसैले आफ्नो व्यवसाय सञ्चालन गर्नुपर्नेछ। अर्थात् पुनः भाडामा लगाउन पाइने छैन। एकै व्यक्तिले एक भन्दा बढी सटर भाडामा लिन पाउने छैन, तर संस्था वा निकायको हकमा भने यो शर्त लागू हुने छैन।

१४. सूचना सम्बन्धमा अन्य कुराहरू बुझ्न परेमा यस नगरपालिकाको राजस्व शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ।

१५. पेश भएको बोलपत्रहरू स्वीकृत तथा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ तथा यस सूचनामा उल्लेख नभएका विषयहरू प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

नोटः मंगलबारे हाट बजारमा रहेका सटरहरूको हकमा कृषि थोक बजारको अवधारणाअनुरूप ताजा तरकारी, फलफूल तथा कृषि उपजसँग सम्बन्धित व्यवसाय सञ्चालन गर्ने आवेदकलाई प्राथमिकता तथा विशेष ग्राह्यता प्रदान गरिनेछ।

सुवर्ण भट्टराई
प्रमुख प्रशासकीय अधिकृत